धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५३ ◆ २०८३ असार २५ गते बिहीबार, Thursday, July 9, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## धादिङबाट पहिलो पटक ई-पेन्सन सेवा सुरु, निवृत्त कर्मचारीले जिल्लामै पाउने भए सेवा



❑ *प्रत्युष समाचारदाता*

धादिङबेशी । धादिङमा पहिलो पटक ई-पेन्सन सेवा सञ्चालनमा आएको छ । हिजो असार २४ गते सेवाको शुभारम्भसँगै जिल्लाका निवृत्त कर्मचारी राममणि मिश्र पहिलो लाभग्राही बनेका छन् ।

नयाँ ई-पेन्सन प्रणालीमार्फत अब निवृत्त कर्मचारीहरूले पेन्सन तथा उपदान, सञ्चित घर बिदा र बिरामी बिदा वापतको रकम, उपचार खर्चसम्बन्धी सुविधा तथा पेन्सन प्रयोजनका लागि बैंक खाता खोल्ने सेवा एउटै प्रक्रियाबाट प्राप्त गर्न सक्नेछन् ।

प्रमुख कोष नियन्त्रक रोशन पुनका अनुसार ई-पेन्सन सेवाको कार्यान्वयनसँगै अब धादिङका निवृत्त कर्मचारीहरूले सामान्य प्रशासनिक कामका लागि काठमाडौं पुगिरहनुपर्ने बाध्यता हट्दै जानेछ । सेवा जिल्लामै उपलब्ध हुँदा प्रक्रिया थप छिटो, सरल, पारदर्शी र सेवाग्राहीमैत्री बन्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँका अनुसार आगामी चरणमा सञ्चय कोषसम्बन्धी सेवासमेत ई-पेन्सन प्रणालीमा समेट्ने तयारी भइरहेको छ । त्यसका लागि आवश्यक प्राविधिक तयारी तथा सम्बन्धित निकायसँग समन्वय अघि बढाइएको जानकारी दिनुभयो ।

ई-पेन्सन सेवाको विस्तारसँगै सार्वजनिक सेवा प्रवाहलाई डिजिटल, प्रभावकारी र नागरिकमैत्री बनाउने सरकारी अभियानले थप गति लिने अपेक्षा गरिएको छ ।

सेवा उद्घाटन कार्यक्रम प्रमुख कोष नियन्त्रक रोशन पुनले औपचारिक रुपमा शुभारम्भ गर्नुभएको हो ।

## शैक्षिक परामर्श संस्थामा कडाइ, डिजिटल कारोबार अनिवार्य

❑ *प्रत्युष समाचारदाता*

काठमाडौं । सरकारले शैक्षिक परामर्श संस्था, भाषा शिक्षण केन्द्र तथा तयारी कक्षाको सञ्चालनलाई व्यवस्थित, पारदर्शी र उत्तर दायी बनाउन शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ स्वीकृत गरेको छ । मन्त्रिपरिषद्बाट स्वीकृत नियमावलीले अनुमतिपत्र, आर्थिक कारोबार, विद्यार्थी सुरक्षा तथा सेवा गुणस्तरसँग सम्बन्धित नयाँ व्यवस्था लागू गरेको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थीको हित संरक्षण, सेवा प्रवाहमा पारदर्शिता कायम गर्ने तथा शैक्षिक परामर्श संस्थाको प्रभावकारी नियमन गर्ने उद्देश्यले उक्त नियमावली तयार गरेको जनाएको छ । नियमावलीअनुसार शैक्षिक परामर्श सेवा सञ्चालन गर्न रु २५ लाख धरौटी राख्नुपर्नेछ । साथै, अनुमतिपत्रका लागि रु ५० हजार दस्तुर तिर्नुपर्ने छ ।

अब मन्त्रालयबाट अनुमतिपत्र नलिई शैक्षिक परामर्श सेवा सञ्चालन गर्न पाइने छैन । भाषा शिक्षण केन्द्र र तयारी कक्षाको नियमन भने प्रदेश वा स्थानीय तहले गर्न सक्ने छन् । अनुमति पत्रको अवधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाले कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तालिम प्राप्त परामर्शदाता नियुक्त गर्नुपर्नेछ । साथै, संस्थाको आफ्नै भवन वा कम्तीमा तीन वर्षको भाडा सम्झौता भएको कार्यालय हुनुपर्ने व्यवस्था गरिएको छ ।

नियमावलीले विद्यार्थीसँग हुने आर्थिक कारोबार पूर्ण रूपमा डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । सबै शुल्क बैंक वा अन्य डिजिटल माध्यमबाट मात्र लिन पाइनेछ भने नगद कारोबार गर्न पाइने छैन । संस्थाले शुल्कको बिल वा भरपाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ । साथै, सेवा शुल्कको विवरण आफ्नै वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ ।

विद्यार्थीको हित संरक्षणका लागि परामर्शदाता संस्थाको जिम्मेवारी पनि बढाइएको छ । परामर्श लिएका विद्यार्थी विदेशमा अलपत्र परेमा वा सम्बन्धित शिक्षण संस्था अवैध ठहरिएमा परामर्शदाता संस्थाले क्षतिपूर्ति दिनुपर्नेछ । विद्यार्थीले 'नो अब्जेक्सन लेटर' प्राप्त गरेपछि मात्र बैंकमार्फत शैक्षिक शुल्क भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ । नियमावलीले शैक्षिक परामर्श संस्थामा स्वदेशी लगानी मात्र रहने व्यवस्था गरेको छ । विदेशी लगानी भएका संस्थाले एक वर्षभित्र स्वदेशी लगानीमा नामसारी गर्नुपर्नेछ ।

त्यसैगरी, विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई लक्षित गरी शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न रोक लगाइएको छ । अन्य शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न भने मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्नेछ । मन्त्रालयले सेवा गुणस्तर, कार्यसम्पादन र विद्यार्थीको सफलताका आधारमा शैक्षिक परामर्श संस्थालाई 'ए', 'बी' र 'सी' श्रेणीमा वर्गीकरण गर्न सक्नेछ । जोखिमयुक्त विदेशी विश्वविद्यालय पहिचान गरी त्यस्ता संस्थामा विद्यार्थी पठाउन रोक लगाउने अधिकार पनि मन्त्रालयलाई दिइएको छ ।

नियमावलीअनुसार अनुमति पत्र नवीकरण नगर्ने, विद्यार्थीमाथि आर्थिक शोषण वा ठगी गर्ने, भ्रामक सूचना प्रवाह गर्ने वा कर नतिर्ने संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी जफत गर्न सकिने व्यवस्था छ ।

## हुलाक सेवाको विस्तारसँगै मकवानपुरमा घरमै राहदानी

❑ *प्रत्युष समाचारदाता*

बागमती । सरकारले सयदिने कार्यसूची अन्तर्गत अघि बढाएको 'सरकारी सेवा घरघर' अभियान मकवानपुरमा प्रभावकारी बन्दै गएको छ ।

नागरिकमैत्री सेवा प्रवाह गर्दै सरकारप्रति नागरिकको विश्वास र भरोसा अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको अभियान अन्तर्गत हुलाक सेवामार्फत मकवानपुरमा हालसम्म करिब २०० राहदानी सेवाग्राहीका घरमा पुर्‍याइएको जिल्ला हुलाक कार्यालयका प्रमुख रमेश लामिछानेले राससलाई जानकारी दिनुभयो ।

"घरमै राहदानी लिन चाहने सेवाग्राहीबाट जिल्ला प्रशासन कार्यालयमै हुलाक सेवाका कर्मचारीमार्फत पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिआइटिएस) मार्फत रु ५५ शुल्क बुझाइन्छ," उहाँले भन्नुभयो, "राहदानी विभागबाट राहदानी प्राप्त भएपछि हुलाक कार्यालयका कर्मचारीले सम्बन्धित सेवाग्राहीको घरमै पुगेर वितरण गर्ने गरेका छन् ।"

मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले शासकीय सुधारसम्बन्धी सयदिने कार्यसूची स्वीकृत गरेको थियो । उक्त कार्यसूचीको २७औँ बुँदामा हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्नमेन्ट कुरियर सर्भिस'का रूपमा विकास गर्ने तथा त्यसमार्फत राहदानी, नागरिकताको प्रतिलिपि, सवारीचालक अनुमतिपत्रलगायत सरकारी कागजात तथा सामग्री घरमै पुर्‍याउने व्यवस्था सय दिनभित्र लागू गर्ने उल्लेख गरिएको थियो ।

## सभामुखसमक्ष बुझाइएको प्रतिवेदन कार्यान्वयनका लागि सचिवालयलाई निर्देशन

काठमाडौं । प्रतिनिधिसभामा गत जेठ १७ गते उत्पन्न परिस्थितिसम्बन्धी अध्ययनका लागि गठित समितिले सभामुख समक्ष बुझाएको प्रतिवेदन कार्यान्वयनका लागि संङ्घीय संसद् सचिवालयलाई निर्देशन दिइएको छ ।

सङ्घीय संसद् सचिवालयले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार प्रतिनिधिसभाको जेठ १७ गतेको बैठकमा उत्पन्न परिस्थितिबारे सभामुखलाई जानकारी गराइएको थियो । त्यसपछि जेठ १८ गते बसेको प्रतिनिधिसभा बैठकले उक्त विषयमा थप अध्ययन गरी सात दिनभित्र प्रतिवेदन पेस गर्न निर्देशन दिएको थियो । सोही निर्णयबमोजिम प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारीको संयोजकत्वमा सचिवालयको आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखाका प्रमुख र प्रविधि व्यवस्थापन महाशाखाका प्रमुख सदस्य रहने गरी समिति गठन गरिएको थियो । समितिले जेठ २५ गते सभामुखसमक्ष आफ्नो प्रतिवेदन पेस गरेको र सभामुखबाट उक्त प्रतिवेदन अध्ययनपछि आवश्यक कार्यान्वयनका लागि सचिवालय लाई निर्देशन प्राप्त भएको सचिवालयले जनाएको छ ।

## राहदानी सेवा दुई दिन बन्द हुने

काठमाडौं । राहदानी विभागले राहदानी सेवालाई नयाँ प्रणालीमा रूपान्तरण (माइग्रेसन) गर्न लागिएकाले दुई दिन राहदानी सेवा बन्द हुने जनाएको छ ।



विभागले बुधबार जारी गरेको सूचनाअनुसार हाल सञ्चालनमा रहेको प्रणालीबाट नयाँ प्रणालीमा सेवा स्थानान्तरण गरिने भएकाले यही असार २५ र २६ गते (तदनुसार जुलाई ९ र १०, २०२६) राहदानीसम्बन्धी सेवा बन्द रहनेछ ।यसअघि विभागले असार १९ गते सार्वजनिक सूचना जारी गर्दै प्रणाली परिवर्तनका कारण उक्त दुई दिन सेवा अवरुद्ध हुने जानकारी गराएको थियो ।

यद्यपि, राहदानीसम्बन्धी अन्य सेवा बन्द रहे पनि विभागमा तयार भइसकेका राहदानी भने वितरण गरिने विभागले जनाएको छ ।

मोबाइलमा राहदानी सङ्कलनका लागि एसएमएस प्राप्त गरेका सेवाग्राहीले विभागमा सम्पर्क गरी आफ्नो राहदानी सङ्कलन गर्नसक्ने विभागले जनाएको छ ।

## तिलिचो ताल पदमार्गमा आश्रयस्थल निर्माण

मुस्ताङ । तिलिचो ताल पदमार्गमा पर्यटक आश्रयस्थल निर्माण गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले उक्त स्थान निर्माण गरेको हो ।

एक्याप जोमसोमको रु १२ लाख ३५ हजार ५५० लागतमा मुस्ताङको घरपझोङ-५ स्थित नमखुखर्क लेकमा ५० जना पर्यटक अट्नसक्ने क्षमताको आश्रयस्थल निर्माण सम्पन्न भएको प्राकृतिक स्रोत संरक्षण सहायक दीपक ओलीले जानकारी दिनुभयो । मुस्ताङको जोमसोमबाट ठिनी, नमखुखर्क, मेसोकोन्दो पास हुँदै तिलिचो ताल पुगिन्छ । ताल समुद्री सतहबाट चार हजार ९१९ मिटर अग्लो स्थानमा अवस्थित छ । तिलिचो ताल मनाङ जिल्लामा पर्छ ।

जिल्लाको निस्याङ गाउँपालिकामा अवस्थित यो काललाई विश्वकै उच्चस्थानमा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण आन्तरिक तथा बाह्य पर्यटकलाई साहसिक पर्यटकीय गन्तव्यका रुपमा लिने गरिन्छ । मनाङबाट भन्दा मुस्ताङको जोमसोमबाट ठिनी हुँदै तिलिचो जाने पर्यटकीय पदमार्ग निकै छोटो दूरीको सहज पर्यटकीय पदमार्ग हो । आश्रयस्थल निर्माण भएसँगै मुस्ताङको जोमसोमबाट ठिनी हुँदै तिलिचो तालको पदयात्रा गर्ने पर्यटकलाई निकै सहज हुने बताइन्छ । विश्राम घरमा पर्यटकले खाने र बस्ने हलको सुविधा पाउँछन् । तिलिचो पदमार्गको नमखुखर्कदेखि माथि करिब ३०० मिटर जीर्ण पदमार्गमा ग्याबिन पर्खाल निर्माण गरी पदमार्ग निर्माण गरिएको छ ।

मुस्ताङबाट सबैभन्दा छिटो र सहज यात्रा गर्न सकिने तिलिचो पदमार्गको जानकारी नहुँदा उक्त पदमार्गमा पर्यटकको पदयात्रा कम हुने गरेको छ ।

## मानव अधिकार समितिद्वारा मानव अधिकारको प्रभावकारी कार्यान्वयनमा जोड

काठमाडौं । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानव अधिकार समितिले आफ्नो कार्य क्षेत्रअन्तर्गत रहेका मानव अधिकारको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धित निकायसँग आपसी समन्वय र सहकार्यलाई तीव्रता दिने भएको छ ।

समितिको बुधबारको बैठकले समितिले आफ्नो कार्य क्षेत्रअन्तर्गत रहेका मानव अधिकार, अन्तरराष्ट्रिय सन्धि-सम्झौता, शान्ति प्रक्रिया, मौलिक हक तथा कानुन कार्यान्वयनको अवस्थासम्बन्धी विषयमा राष्ट्रिय मानव अधिकार आयोगसँग सूचना तथा तथ्याङ्को आदान-प्रदान अध्ययन अनुसन्धान, अन्तर्क्रिया तथा परामर्श नीति र कानुनको कार्यान्वयनको अवस्थाका विषयमा आपसी समन्वय र सहकार्य गर्ने निर्णय गरेको छ ।

त्यसैगरी समितिले अनुगमन तथा मूल्याङ्कन, अन्तरराष्ट्रिय मानव अधिकार सम्बन्धी दायित्वको प्रभावकारी कार्यान्वयन, आवश्यक सुझाव र सिफारिस आदान-प्रदान तथा मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि पनि आयोगसँग आवश्यक विषयमा आपसी समन्वय र सहकार्य गर्ने निर्णय गरेको छ । समितिको बैठकमा आयोगका अध्यक्ष तपबहादुर मगरले विद्यमान मानव अधिकारको अवस्था र सम्बर्द्धनबारे जानकारी गराउनुभएको थियो ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय ....

### नीति निर्माताले ध्यान दिनुपर्ने

‘उत्कृष्ट कार्यसम्पादन गर्ने निकाय तथा कर्मचारीलाई प्रोत्साहन र कमजोर कार्यसम्पादन वा अनियमिततामा संलग्नलाई प्रचलित कानुनबमोजिमको कारबाही’ भन्ने उल्लेख छ । यो दिशा सही भए पनि ‘प्रचलित कानुनबमोजिम’ भन्ने वाक्यांशले नयाँ कडा दण्ड व्यवस्था ल्याउने प्रतिबद्धता देखाउँदैन; बरु हालको (प्रायः कमजोर मानिने) कानुनी संरचनामै भर पर्छ ।

गुनासो व्यवस्थापन र डिजिटल पारदर्शिता : अनलाइन गुनासो प्रणाली, खुला डेटा र सार्वजनिक निकायका निर्णयको वेबसाइटमार्फत सार्वजनिकीकरण जस्ता व्यवस्थाले नागरिक निगरानी बलियो बनाउन सक्छ ।

यो नीति विश्लेषण गर्दा केही गम्भीर सीमितता पनि देखिन्छन् । पहिलो, यो नीति मात्र हो; ऐन होइन । नीतिले ठाउँ ठाउँमा ‘सदाचार ऐन निर्माण गर्ने’ भनेको छ तर यसको समयसीमा स्पष्ट छैन र हालसम्म यस्तो ऐन संसद्मा आएको छैन । नीति कार्यान्वयन गर्ने कानुनी दाँत नबनेसम्म यो एउटा ‘आकाङ्क्षापत्र’ मात्र रहन्छ । नेपालमा यसअघि पनि सुशासन ऐन, भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संरचना अस्तित्वमा हुँदाहुँदै पनि भ्रष्टाचार र दण्डहीनता नियन्त्रण हुन नसकेको यथार्थलाई नीतिले नै ‘कार्यान्वयनमा जटिलता र दोहोरोपन’ भनी स्वीकार गरेको छ । समस्या कानुन/नीतिको अभावभन्दा बढी इच्छाशक्ति र कार्यान्वयनको हो भन्ने कुरा नीति स्वयम्ले स्विकारेको छ तर यसको समाधान भने प्रायः संस्थागत संरचना थप्ने र समिति गठन गर्नेमै सीमित देखिन्छ ।

दोस्रो, जिम्मेवारी अत्यधिक फराकिलो र छरिएको छ । कार्ययोजना हेर्दा एउटै कार्यका लागि दर्जनौँ ‘सहयोगी निकाय’ तोकिएको छ, यसले समन्वयको जटिलता झन् बढाउने जोखिम राख्छ । नीतिले नै ‘संस्थागत समन्वयको अभाव’ लाई प्रमुख चुनौती भनेको छ तर समाधानका रूपमा प्रस्तावित संरचना (मुख्य सचिवको संयोजकत्वमा निर्देशक समिति) पनि थप एउटा तह मात्र थप्ने खतरा देखिन्छ ।

तेस्रो, वित्तीय स्रोतको प्रतिबद्धता अस्पष्ट छ । नीतिले ‘नियमित वार्षिक बजेट तथा कार्यक्रममार्फत’ स्रोत जुटाउने भनेको छ; जुन कुनै ठोस बजेटीय प्रतिबद्धता होइन । निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई समेत आफ्नै स्रोतबाट खर्च गर्न भनिएको छ; जसले कार्यान्वयनलाई परिस्थितिजन्य बनाउँछ ।

यस पटक फरक हुनका लागि अनुगमन गर्ने स्वतन्त्र र शक्तिशाली निकाय (जस्तै- संसदीय आचार समिति) लाई साँच्चै स्वायत्तता र दण्ड दिने अधिकार चाहिन्छ; जुन नीतिमा प्रस्ट देखिँदैन ।

सदाचार ऐनको मसौदा र संसद्मा पेस गर्ने स्पष्ट समयसीमा तोक्ने र सार्वजनिक गर्ने : नीति स्वयम्ले तोकेको समयसीमा (जस्तै- ऐन निर्माणका लागि तोकिएको अवधि) लाई कडाइका साथ पालना गर्ने । राष्ट्रिय सतर्कता केन्द्रलाई साँच्चै स्वायत्त र स्रोतसाधनयुक्त बनाउने : हाल यो केन्द्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत नै रहने भएकाले यसको स्वतन्त्रता प्रश्नमा रहन्छ । स्वतन्त्र विज्ञ समूहको भूमिका (नीतिमा उल्लिखित पाँच सदस्यीय टिम) लाई कानुनी संरक्षण दिनु आवश्यक छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **“प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## कालीगण्डकी करिडोर: सडकसँगै बदलिएको जनजीवन

*रामचन्द्र रायमाझी*

रम्भा गाउँपालिका-१ अर्सदीका ६८ वर्षीय जगन्नाथ अर्याललाई छ घण्टा लगाएर तानसेन पुगेको याद ताजै छ । स्कुल पढ्दा पैदलै हिँडेर सदरमुकाम तानसेन गएको उहाँ सम्झनुहुन्छ । अर्याल भन्नुहुन्छ, “गाडी चढेर जानुपरे घरबाट चार घण्टा पैदल हिँडेर छर्दी खोला तरेर मालुङ्गा हुँदै गल्याङ्ग पुग्थ्यौँ, त्यहाँबाट गाडी चढेर बल्ल तानसेन जान्थ्यौँ ।” डेढ दशकअघिसम्म बुटवल, पोखरा जानुपरे चार/पाँच दिन लगाएर जानुपर्ने बाध्यता रहेको उहाँ बताउनुहुन्छ । अर्याल भन्नुहुन्छ, “पहिले त निकै कष्ट थियो । अहिले त डेढ घण्टामै तानसेन, तीन/चार घण्टामै पोखरा पुग्न सकिने भयो ।”

अर्याल यतिबेला आफ्नै आँगनमा सरर गाडीबाटै ओर्लनुहुन्छ । “आफ्नै घर आँगनबाट मोटर गुड्ला र बस चढेर तानसेन, काठमाडौँ, बुटवल, पोखरा पुगिएला भन्ने कल्पना नै थिएन”, उहाँ भन्नुहुन्छ । अहिले सवारीसाधनमै चढेर तानसेन, बुटवल, पोखरा, काठमाडौँ पुग्न पाउँदा धेरै सहज भएको छ । चार/पाँच दिन हिँडेर जानुपर्ने बाध्यता अहिले हटेको उहाँले बताउनुभयो । रामपुर नगरपालिका- १० दुर्गा मन्दिर टोलका उपेन्द्र अधिकारी पनि पाँच घण्टा लगाएर नुन, तेल लिन गल्याङ्ग पुग्ने गरेको स्मरण गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, “हाम्रो बुबा, हजुरबुबाहरु नुन लिन तीन/चार दिन लगाएर बुटवल जानुहुन्थ्यो, पछि गल्याङ्गसम्म आउन थालेपछि हामीहरु पाँच घण्टा पैदल हिँडेर जान्थ्यौँ तर अहिले त्यो अवस्था छैन ।”

केही वर्षअघिसम्म बिहानै घरबाट निस्किएका स्थानीय साँझसम्म पनि बजार पुग्न सक्दैनथे । बिरामीलाई डोकोमा बोकेर उकालो-ओरालो हिँड्नुपर्ने बाध्यता थियो । किसानले उत्पादन गरेका सुन्तला, तरकारी र अदुवा गाउँमै कुहिन्थ्यो । तर आज त्यही गाउँमा गाडीको आवाज सुनिन्छ, एम्बुलेन्स पुग्छ, उत्पादन सिधै बजारसम्म जान्छ । यो परिवर्तनको प्रमुख आधार बनेको छ कालीगण्डकी करिडोर । कालीगण्डकी करिडोर निर्माण भएपछि अर्याल र अधिकारीको यात्रा मात्र होइन यस क्षेत्रका सयौँ नागरिकलाई समेत सहज भएको छ ।

कालीगण्डकी करिडोर सडक ट्र्याक खुलेपछि अहिले धेरै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । यसले गर्दा कतिपय स्थानमा नयाँ सहर बसेको छ भने दुर्गमका बस्तीलाई करिडोरसम्म जोडेपछि जनजीवन सहज बनेको छ । पाल्पाको राम्दीदेखि रानीमहल १७ किलोमिटरबाहेक अन्यत्र सडक ग्राभेल छ । झन्डै २५० किलोमिटर सडक कालोपत्रसमेत भइसकेको छ । सडकको स्तरोन्नतिसँगै कृषिउपज उत्पादन गर्ने, शिक्षा, स्वास्थ्यको पहुँचमा सजिलो भएको छ ।

कालीगण्डकी नदीको छेउ हुँदै रेखाङ्कन गरिएको सडक आसपास नयाँ बस्तीसमेत विस्तार भएका छन् । गण्डकी प्रदेशको पूर्वी नवलपरासीबाट सुरु भएर लुम्बिनीको पाल्पा, गुल्मी, पुनः गण्डकीकै बागलुङ, पर्वत, म्याग्दी, मुस्ताङसम्म करिडोरअन्तर्गत सडक निर्माण भएको छ । राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी सरकारले प्राथमिकतामा राखेको ४४५ किलोमिटर सडक निर्माणले गति लिएसँगै दुर्गम जिल्लाका बासिन्दालाई यातायातको सहज भएको छ । “हामीलाई बजार जान चार/ पाँच घण्टा लगाएर सदरमुकाम जानुपर्ने बाध्यता थियो,” रम्भा हुँगीका ७० वर्षीय कमल भण्डारीले भन्नुभयो, “अहिले त सहर जान कुनै दुःख छैन । दुई/तीन घण्टामै बजार गएर आउने गरिन्छ ।” आफूले निकै दुःख गरे पनि अहिले छोरानातिका लागि सहज भएको उहाँ सुनाउनुहुन्छ । “हेर्दाहेर्दै, देख्दादेख्दै परिवर्तन हुँदा सपनाजस्तै लाग्दो रहेछ । हिजो त गेझा हुँगी, खालीवन फोक्सिङकोट क्षेत्रका जनता आफ्नै जिल्लाको सदरमुकाम जानुपर्दा स्याङ्जाको गल्याङ्गसम्म पैदल, त्यसपछि बस चढेर जानुपर्ने बाध्यता थियो ।

जिल्ला प्रशासन कार्यालयमा नागरिता बनाउन होस् या राहदानी बनाउन होस्, मालपोत, नापी कार्यालयमा पुगेर काम सक्न कठिन हुन्थ्यो । बास बस्नुपर्ने बाध्यता थियो । अब ती दिनका कुरा गर्दा नयाँ पुस्तालाई कथा जस्तै लाग्छ”, भण्डारीले भन्नुभयो । नवलपुरको बौद्धिकाली गाउँपालिका-२ डेढगाउँका खेतको छेउछाउ बाँदर लागेर अन्नबाली जोगाउन पनि मुस्किल हुन्थ्यो । विगतमा यहाँ बाक्लो बस्ती नहुँदा बाँदरबाट बाली जोगाउन निकै समस्या हुने गरेको स्थानीय ध्रुव पङ्गेनी बताउनुहुन्छ । उहाँका अनुसार सडक नआउँदासम्म यहाँ दुर्गमजस्तै थियो । पछि सडक सञ्जालले गाउँ जोडेरपछि अहिले यहाँको जनजीवन नै परिवर्तन भएको पङ्गेनीले बताउनुभयो । खेतकै बीचबाट राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर सडक खुलेपछि अहिले यहाँ निकै चहलपहल भएको छ । यहाँ होटेल व्यवसाय सञ्चालनमा छन् भने दैनिक दर्जनौँ गाडी ओहोरदोहोर गर्छन् । पाल्पा र नवलपुर मात्रै होइन, कालीगण्डकी करिडोरको ट्र्याक खुलेर स्तरोन्नति भएसँगै गुल्मीको पूर्तिघाटदेखि बाग्लुङको मालढुङ्गासम्म दर्जनौँ व्यवसाय सञ्चालन भएका छन् भने सडक आसपासमा नयाँ बस्ती विकास भएको स्थानीय पुरन रास्कोटी बताउनुहुन्छ । प्रसिद्ध धार्मिकस्थल देवघाटदेखि मुक्तिनाथसम्म जोड्ने परिकल्पनाअनुरुप कालीगण्डकी नदीको किनारैकिनार कालीगण्डकी करिडोर निर्माण भएपछि पूर्वी नवलपरासी, चितवन, तनहुँ, पाल्पा, स्याङ्जा, गुल्मी, पर्वत, म्याग्दी, बागलुङ, मुस्ताङसम्मका लाखौँ जनतासँग प्रत्यक्षरुपमा जोडिन पुगेको छ । दक्षिणी मुलुकदेखि उत्तरी मुलुकसम्म जोड्ने सबैभन्दा कम दूरी मानिने कालीगण्डकी करिडोर २०६५ सालदेखि सुरु भएको हो । कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बागलुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ ।

कालीगण्डकी नदीसँगै विस्तार भएको सडकले पहाडी बस्तीलाई राष्ट्रिय राजमार्गसँग जोडेको छ । सडक खुलेपछि स्थानीयको दैनिकी मात्र होइन, आर्थिक र सामाजिक जीवनशैली पनि बदलिएको छ । “पहिला उत्पादन बेच्न दुई/तीन दिन लाग्थ्यो । अहिले बिहान टिपेको तरकारी दिउँसो बजार पुग्छ”, हेक्लाङका किसान विपिन अर्यालले भन्नुभयो, “यातायात सहज भएपछि ढुवानी लागत घटेको छ र उत्पादनले राम्रो मूल्य समेत पाउन थालेको छ ।”

रामपुरका कृषक कृष्णकुमार अर्याल पनि करिडोरका कारण व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकको सङ्ख्या बढेको बताउनुहुन्छ । विगतमा घर खर्चका लागि पालिने गाईभैंसी आजभोलि कृषकहरु व्यावसायिक रुपमा पालन गरी दुग्ध उत्पादनतर्फ लागि परेका छन् । उत्पादित दूध, कुखुराको अण्डा, कुखुराजस्ता वस्तुहरुको उत्पादन बढेको छ । यहाँ उत्पादित दूध, अण्डा चितवन, पोखरासम्म पुग्ने गर्दछ । यसैगरी सडक विस्तारका कारण तरकारी, केरा खेतीबाट समेत कृषकहरुले राम्रो आम्दानी लिन सफल भएका छन् ।

पछिल्लो समयमा रामपुर फाँटमा घाँसखेतीको सुरु भएको छ । पशुका लागि नेपियर, स्टाइलो, जै वर्षिमजस्ता घाँसको व्यावसायिक उत्पादन भएको छ । करिडोर आसपासका क्षेत्रमा अहिले कृषि, पशुपालनलगायत फर्म खोल्ने सङ्ख्या पनि अधिक छ । करिडोर आएपछि माथिल्ला गाउँबस्तीका बासिन्दा पनि व्यापार व्यवसायका लागि करिडोर छेउमा झर्ने क्रम तीव्र छ । नझर्ने पनि केही उत्पादन गरेर बजार पठाउने र त्यही पैसाले अरू अत्यावश्यक सामान खरिद गर्ने गरिरहेका छन् । करिडोरका कारण दुई/चार केजी कृषिउपज उत्पादन भए पनि बजार लैजान र केही ल्याउन धेरै सहज भएको स्थानीय बताउँछन् ।

कालीगण्डकी करिडोरका कारण यस क्षेत्रको पर्यटन विकासमा समेत ठूलो टेवा पुगेको छ । करिडोरअन्तर्गत त्रिवेणीधाम, देवघाटधाम, केलादीधाम, राम्दीघाट, रानीघाट, रुद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्वपूर्ण तीर्थस्थल पर्छन् । कालीगण्डकीमा मात्र पाइने शालिग्राम दर्शनका लागि समेत दैनिक सयौँ धार्मिक पर्यटक आउने गरेका छन् । रामपुर नगर क्षेत्रका धार्मिक, पर्यटकीय, सांस्कृतिक महत्व बोकेका स्थानको अध्ययन अवलोकनको लागि आन्तरिक पर्यटकको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ । यहाँ जल यात्रा गर्ने पर्यटकसमेत उल्लेखीय रुपमा आउने गरेका छन् ।

करिडोर आएपछि यस क्षेत्रका बासिन्दालाई यही माटोमा आयआर्जनमा जोडिने राम्रो अवसर प्राप्त भएको रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापा बताउनुहुन्छ । उहाँले करिडोरले समृद्धिका लागि ठूलो टेवा पुऱ्याएको बताउनुभयो । “कालीगण्डकी करिडोर नआएको भए धेरै ठाउँहरु अहिलेसम्म पनि सडक सञ्जालले जोड्न मुस्किल हुन्थ्यो होला”, थापाले भन्नुभयो, “करिडोर आएपछि एकाएक अवसर र सुविधाबाट वञ्चित बनेका गाउँठाउँ सुगम बनेका छन् ।” उहाँले रामपुरको विकासको आधार पनि करिडोर भएको बताउनुभयो ।

कोरलाबाट दुई सय ५७ किमि पार गरेपछि कैलाश मानसरोवर पुगिने भएकाले यो मार्ग धार्मिक पर्यटनका लागि उत्तम छ । करिडोर निर्माणपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुग्नेछ । सडक सञ्जालले गर्दा स्वास्थ्य सेवामा पनि उल्लेखनीय सुधार आएको छ । गर्भवती महिला, दुर्घटनाका घाइते वा आकस्मिक बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सकिने भएको छ । विद्यालय र कलेज जाने विद्यार्थीको यात्रा छोटिएको छ भने सरकारी सेवा लिन सदरमुकाम धाउनुपर्ने समय पनि कम भएको छ । सडक किनारमा होटल, पसल, ग्यारेज र अन्य साना व्यवसाय खुल्न थालेका छन्, जसले रोजगारीका नयाँ अवसर समेत सिर्जना गरेको छ । कालीगण्डकी करिडोर एउटा सडक मात्र होइन, पहाडका बासिन्दाको जीवन, अर्थतन्त्र र सम्भावनालाई नयाँ दिशा दिने विकासको आधार बनेको छ । अझै पूर्वाधार सुदृढीकरण, नियमित मर्मत र सुरक्षित सञ्चालन सुनिश्चित गर्न सकिए यस करिडोरले दीर्घकालीन समृद्धिको ढोका अझ फराकिलो बनाउने अपेक्षा गरिएको छ ।

### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## धरानबाट दश जना बिचौलिया पक्राउ

धरान (सुनसरी)। बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट १० जना बिचौलियालाई पक्राउ गरिएको छ।

प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीलाई विभिन्न निजी मेडिकलबाट सस्तो मूल्यमा औषधि उपलब्ध गराइदिने भन्दै प्रलोभनमा पारी अवैध कमिसनको चलखेल गरेको आरोपमा प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख केशवकुमार थेबेले गए राति विशेष सूचनाका आधारमा पक्राउ गरेको जानकारी दिनुभयो।

प्रतिष्ठानको इमर्जेन्सी भवन अगाडिबाट इलाका प्रहरी कार्यालय धरान र अस्थायी प्रहरी पोस्ट घोपाबाट खटिएको संयुक्त प्रहरी टोलीले त्यस्ता गतिविधिमा संलग्न रहेको आशङ्कामा उनीहरुलाई पक्राउ गरेको कुरा समेत थेबेले बताउनुभयो।

सप्तरीका अग्निसाइर कृष्णासवरन गाउँपालिका-३ का ३७ रञ्जितकुमार चौधरी, सप्तरीको राजविराज नगरपालिका-६ का रविना मण्डल, भोजपुरका हस्त श्रेष्ठ, सुनसरीको धरान उपमहानगरपालिका-१५ का सागर पोखरेल, मोरङको लेटाङ नगरपालिका-३ का साबिन किराँती, धरान उपमहानगर पालिका-६ का मनिष बुढाथोकी, उदयपुरको चौदण्डीगढी नगरपालिका-५ का उमेशकुमार चौधरी, धरान उपमहानगरपालिका-१७ का धिरोज निरौला, सुनसरीको इनरुवा नगरपालिका-२ का रोहित मेहता र धरान उपमहानगरपालिका-११ का विनोद भट्टराई रहेका छन्। गत २२ गते झापाको दमक नगरपालिका-१ कुमाल चोकका प्रविण पोखरेल र सुनसरीको हरिनगरा गाउँपालिका-४ का २७ दीपकरामलाई पनि प्रहरीले पक्राउ गरी अनुसन्धान सुरुगरेको छ।

यही असार २१ गते गृहमन्त्री सुधन गुरुङ र स्वास्थ्यमन्त्री निशा मेहताले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन गर्दै अस्पतालभित्र हुने विचौलिया गतिविधि, अनियमितता र बिरामीमाथिको ठगी नियन्त्रण गर्न प्रतिष्ठानका सम्बन्धित निकाय र पदाधिकारीहरुलाई निर्देशन दिनुभएको थियो। पछिल्लो समय विचौलियाहरु धमाधम पक्राउ परिरहेका छन्।

## दलित अधिकारलाई प्राथमिकता दिन आग्रह

काठमाडौं। स्वतन्त्र दलित नागरिक समाज नेपालले संविधान संशोधन प्रक्रियामा दलित समुदायका अधिकार, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय र समावेशिता का सवाललाई प्राथमिकताका साथ सम्बोधन गर्न सरकार, सङ्घीय संसद् र राजनीतिक दलसँग आग्रह गरेको छ।

बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा संस्थाका संयोजक कर्णबहादुर नेपालीले संविधान संशोधनलाई दलित अधिकार थप सुदृढ गर्ने ऐतिहासिक अवसरका रूपमा उपयोग गर्नुपर्ने बताउनुभयो। उहाँले दलित समुदायको अर्थपूर्ण सहभागिताबिना संविधान संशोधनले सामाजिक न्यायको उद्देश्य पूरा गर्न नसक्ने उल्लेख गर्दै संशोधन प्रक्रिया सहभागिता मूलक, समावेशी र मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिनुभयो। संस्थाले छुवाछूत तथा जातीय विभेद विरुद्धका संवैधानिक व्यवस्थालाई अझ प्रभावकारी बनाउन, राज्यका सबै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न, भूमिहीन दलितको भूमि तथा आवास अधिकार स्पष्ट गर्न तथा राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न बनाउनुपर्ने माग गरेको छ।

## नेप्से परिसूचक ३० दशमलव ०९ अंकले घट्यो

काठमाडौं। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले घटेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३० दशमलव ०९ अङ्कले ओरालो लागेर दुई हजार ६२१ दशमलव ५९ मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ९२ अङ्कले ओरालो लागेर ४५६ दशमलव ६८ मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक दुई दशमलव ०६ अङ्कले घटेर १७९ दशमलव ८९ मा पुगेको छ। त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक भने एक दशमलव ४२ अङ्कले घटेर १५४ दशमलव ५८ मा पुगेको छ। बुधबार विभिन्न कम्पनीका ८४ लाख ६३ हजार १५ कित्ता सेयर रु चार अर्ब ८२ करोड ६० लाख ८४ हजार ८२५ मूल्यमा खरिद बिक्री भएको छ। बुधबार १३ वटै उपसमूहमध्ये १२ वटा उपसमूह घट्यो भने एक उपसमूह बढ्यो। बुधबार। २५ कम्पनीको सेयर बढ्यो भने २४७ कम्पनीको सेयर घट्यो। नेप्सेका अनुसार सिटिजन बैंक डिबेञ्चर, एनएमबी डिबेञ्चर, प्रभु बैंक डिबेञ्चरका लगानीकर्ताले कमाएका छन् भने कर्पोरेट डेभलपमेन्ट बैंक, उपकार लघुवित्त वित्तीय संस्था र सानीगाढ हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन्।

## प्रतिनिधिसभाः रासायनिक मलको सहज व्यवस्था गरियोस्

काठमाडौं। प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा भाग लिने अधिकांश सांसदहरुले धानखेती लगाउने समयमा रासायनिक मल अभावका कारण चिन्तित किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो।

उहाँहरूले यसअघिका वर्षहरूमा जस्तै यस वर्ष पनि मल अभावको समस्याबाट किसान मारमा परेको उल्लेख गर्दै मलको सहज व्यवस्थापन गरियोस् भन्नुभयो।

सांसद शम्भुप्रसाद ढकालले फरक प्रसङ्गमा जनताको अपेक्षाअनुसार सरकारी कार्यालयबाट सेवाप्रवाह नहुँदा सर्वसाधारणले दुःख व्यहोर्नुपरेको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद ललिता कुमारीले शुद्धशाकाहारी तथा धार्मिक पर्यटकलाई लक्षित गरी खानेबस्ने प्रबन्ध मिलाउन सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो। सांसद लालविक्रम थापाले आफ्नो निर्वाचन क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेकामा सरकारलाई धन्यवाद दिँदै २५ वर्षदेखि अलपत्र अवस्थामा रहेको इनरुवादेखि कप्तानगन्जसम्मको सडक निर्माणको कामले गति लिएको बताउनुभयो। सांसद लीमा अधिकारीले नेपाली वायुसेवा कम्पनीमाथि लागेको प्रतिबन्ध खुलाउन कूटनीतिक पहल गरियोस् भन्नुभयो।

सांसद लेखजङ्ग थापाले लुम्बिनी प्रदेशको भीम अस्पतालमा पर्याप्त जनशक्तिसहित आइसियुको अभावमा उपचारबाट सर्वसाधारण वञ्चित हुनुपरेको उल्लेख गर्दै अत्यावश्यक पूर्वाधार र जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुनिश्चित गर्न माग गर्नुभयो।

सांसद विक्रम थापाले भारतसँगको समन्वयमा कपिलवस्तुको बाणगङ्गा नदीको तटबन्धको काम अघि बढाउने भनिएकामा अहिलेसम्म केही प्रगति नभएको उल्लेख गर्दै तटबन्धको काम अघि बढाइ बाढीबाट जनतालाई बचाउन अनुरोध गर्नुभयो। सांसद विष्णुमाया विकले अस्थायी रुपमा होल्डिङ सेन्टरमा राखिएका सुकुमवासीलाई रु २५ हजार दिएर घर फर्काउन खोज्नु न्यायोचित नभएको बताउनुभयो। सांसद शिवशङ्कर यादवले 'लोडसेडिङ'को समस्याबाट मधेसका जनता प्रभावित भएको भन्दै सिरहाको २८ ठाउँमा ट्रान्सफर्मर आवश्यक देखिएकाले त्यसको व्यवस्था गरी पीडित जनतालाई राहत दिन अनुरोध गर्नुभयो। सांसद शोभा खनालले कृषिप्रधान देशमा पनि कृषकले खेती गर्ने समयमा रासायनिक मलको अभाव खेप्दै आएको विषयमा ध्यानाकर्षण गराउनुभयो। सांसद श्रद्धाकुँवर क्षेत्रीले विद्युत्मा देखिएको समस्याका कारण जनताले सास्ती व्यहोर्नुपरेको र महँगीका कारण जनताको जीवनयापनमा समस्या देखिएकोतर्फ सरकारको ध्यानाकर्षण गर्नुभयो।

सांसद श्रीधर पोखरेलले बर्दियाका उखु कृषकले लागतअनुसारको मूल्य पाउन नसकेको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद श्रीराम न्यौपानेले जलस्रोत र ऊर्जा क्षेत्रबाट अपेक्षित फाइदा लिननसक्दा देश 'रेमिटान्स'को भरमा चल्नुपरेको भनी गुनासो गर्नुभयो।

सांसद सन्तोषराज वंशीले खाद्य सुरक्षासँग प्रत्यक्ष जोडिएको रासायनिक मलको अभाव भएकाले सोको व्यवस्था गर्न सरकारसँग अनुरोध गर्नुभयो।

सांसद सन्दीप रानाले पाल्पा जिल्ला अस्पतालसहित देशभर नै 'एन्टिरेबिज' खोपको अभाव भएकाले त्यसमा सरकारको ध्यान जाओस् भन्नुभयो। सांसद समिना मियाँले मानव र वन्यजन्तुबीचको द्वन्द्व बढेको अवस्थामा समाधानका लागि आवश्यक समन्वय सहित पहल हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। सांसद समीक्षा बाँस्कोटाले सबै खालको कानुन तथा नीति निर्देशिका समेटिएको 'डिजिटल पोर्टल' सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद सरस्वती लामाले नेपालको बाटो हुँदै कैलाश मानसरोवरको दर्शन गर्न आएका भारतीय पर्यटकले चिनियाँ 'भिसा' नपाउँदा नेपालमै अलपत्र पर्ने अवस्था सृजना भएकाले कूटनीतिक पहलमार्फत समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सरिता महतोले बौद्धिक अपाङ्गता भएका बालबालिकाका अभिभावकले सोससम्बन्धी कागजातपत्र पाँच वर्षपछि मात्रै प्राप्त गर्ने विद्यमान प्रावधान सुधार्न गर्न अनुरोध गर्नुभयो।

सांसद सागर भुसालले पर्वत जिल्लाका दजनौँ सडक वर्षौंदेखि अलपत्र पर्दा वर्षामा हिलाम्मे भई आउजाउको समस्या परेकाले समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सजिता खातुन सिद्धिकीले गरिब जनतामाथि हुनेगरेका अन्याय र अत्याचारको अन्त्य गर्न सरकारसँग अनुरोध गर्नुभयो।

सांसद सीताराम साहले मधेसको सिरहा र सप्तरीका जमिनमा अझै पनि सिँचाइको अभाव रहेको उल्लेख गर्दै समस्या समाधानको लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सिर्जना श्रेष्ठले नेपालका युवाहरु आफ्ना प्रमाणपत्र लिएर विदेश भासिन बाध्य भएकाले सो समस्या रोकथाम र नियन्त्रणको लागि आवश्यक कदम चाल्न सरकारसँग माग गर्नुभयो। शून्य समयमा भाग लिनुहुने सुम्निमा उदास, सुशीलकुमार कानुलगायतका सांसदले रासायनिक मल अभावसहित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

## तुइन खोलामा पहिरो रोकथाम सुरु

चितवन। बुधबार तुइन खोलामा पहिरो रोकथाम कार्य सुरु गर्नका लागि सम्बन्धित निर्माण कम्पनीलाई डिभिजन सडक कार्यालय, चितवनले सम्झौताका लागि आह्वान भएको छ।

आगामी १० महिनाभित्र काम सम्पन्न गर्ने गरी रु २२ करोड २१ लाखको लागतमा तुइन खोलामा पहिरो रोकथाम कार्य सुरु गर्न लागिएको हो। खोलामा गइरहने पहिरोका कारण यसअघि यात्रुले सास्ती बेहोर्नुपरेको थियो।

पहिरोको उच्च जोखिममा रहेको नारायणगढ-मुग्लिन सडकखण्डमा गत वर्षको असोज ३ र ७ गते ठूलो पहिरो खस्दा १०४ घण्टा सडक अवरुद्ध भएको थियो। डिभिजन सडक कार्यालय, चितवनका प्राविधिक अर्जुन घिमिरेले सम्झौताअनुसार छनोट भएको कम्पनीले तुइन खोलामा आगामी दश महिनाभित्रै पहिरो रोकथामको काम सक्नुपर्ने प्रावधान रहेको जानकारी दिनुभयो। घिमिरेले खोलाको नारायणगढतर्फको भित्तामा रोकथाम गर्न लागिएको पर्खालको लम्बाइ १६५ मिटर र चौडाइ १०५ मिटर रहेको बताउनुभयो।

केही वर्ष अघि सडक विस्तारका क्रममा सडक खनिएको काटिएको भित्तामा गत वर्ष एकाएक पहिरो खसेपछि सो स्थान जोखिममा परेको थियो।

सो सडकखण्डमा जुनसुकै बेला पहिरो खस्न सक्ने भएकाले पहिरो पन्छाउन मुग्लिन र सेती दोभानमा तयारी अवस्थामा उपकरण राखिएका छन्।

## विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि-२०८३ प्रति निजी क्षेत्रको असहमति

काठमाडौं। 'विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि-२०८३' सम्बन्धमा निजी क्षेत्रको असहमति देखिएको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल-इप्पानले उक्त विधिमाथि असहमति जनाउँदै बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएका छन्।

ज्ञापनपत्रमा नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले पुऱ्याएको योगदान र सरकारले अघि सारेको आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्यबारे चर्चा गरिएको छ।

नेपाल विद्युत् प्राधिकरण (नेविप्रा) द्वारा हालै जारी गरिएको 'विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि-२०८३' प्रति इप्पानले ध्यानाकर्षण गर्दै उक्त विधिमा राखिएका कतिपय अव्यावहारिक एवं प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्ने सरकारको नीतिविपरीत रहेको जनाइएको छ। उक्त व्यवस्थाले जलविद्युत् आयोजनाको प्राविधिक तथा वित्तीय सम्भाव्यतामा गम्भीर नकारात्मक असर पार्ने इप्पानको भनाइ छ। इप्पानका अनुसार निजी लगानी निरुत्साहित गर्ने र सरकारको ऊर्जा दशकको लक्ष्यलाई धक्का पुऱ्याउनेछ। इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले उक्त विधिले जलविद्युत् उत्पादन क्षेत्रमा नकारात्मक असर पार्ने बताउनुभयो। उक्त विधि २०८३ मा आयोजनाको स्तरवृद्धि गरिँदा मुख्य उपकरणको दक्षता साविक विद्युत् खरिद सम्झौता (पिपिए) मा रहेकोभन्दा फरक गर्न नमिल्ने उल्लेख छ।

साथै मुख्य उपकरणको दक्षतालाई टर्वाइनको ९१ प्रतिशत, जेनेरेटरको ९७ प्रतिशत र ट्रान्सफर्मरको ९९ प्रतिशत सम्मको सीमाभित्र हुनुपर्ने पनि प्रावधान छ। अध्यक्ष डाँगीले उक्त प्रावधानले प्रविधिको विकाससँगै विश्वबजारमा प्राप्त हुने सक्षम प्रविधिलाई ग्रहण गर्ने तथा कुशल प्रविधिमार्फत गर्न सकिने व्यावसायिक सुदृढीकरण कार्यलाई बन्देज लगाउने प्रयास भएको बताउनुभयो। डाँगीका अनुसार नयाँ पिपिए र थप क्षमताको पिपिएको हकमा क्षमता सम्बन्धी फरकफरक मापदण्ड तोकिनुले क्षमताको वृद्धिका लागि विगत समयबाट नेपाल विद्युत् प्राधिकरणमा प्रक्रियागत रहेका आयोजनाको स्तरवृद्धि रोक्न लक्षित भएको छ। नेपाल विद्युत् प्राधिकरणले जारी गरेको विधि तत्काल स्थगन गरी सरोकारवालासँग परामर्शपछि मात्र कार्यान्वयन गर्न माग गरिएको छ।

## गुठी जग्गाको अतिक्रमण हटाउन कार्यान्वयन समिति गठन

काठमाडौं। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धनुषाको रामजानकी मन्दिरलगायत बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन नौ सदस्यीय कार्यान्वयन समिति गठन गरेको छ।

मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत जनकपुर उपमहानगर पालिकाभित्र रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि विगतमा तयार भएका प्रतिवेदनको कार्यान्वयनलाई तीव्रता दिन बुधबार उक्त समिति गठन गरेको हो। गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा समिति गठन गरिएको हो। समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुखलगायतका प्रतिनिधि सदस्य रहेका छन्।

समितिलाई बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ-मन्दिर र गुठी जग्गामा भएका अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ। समितिले उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२, सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग, २०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य प्रतिवेदनमा उल्लेख भएका कार्य कार्यान्वयन गर्नेछ। समितिको कार्यक्षेत्र अनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना जारी गरिनेछ। त्यसैगरी अन्य गुठी जग्गामा घर- टहरा निर्माण गरी बसोबास गरिएको क्षेत्र रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनभित्र अतिक्रमण हटाउन सूचना दिइनेछ। तोकिएको अवधिभित्र अतिक्रमण नहटाएमा स्थानीय प्रशासन तथा सम्बन्धित स्थानीय तहको समन्वयमा १५ दिनभित्र अतिक्रमण हटाउने व्यवस्था गरिएको छ।

## सिस्नेरी-खवाङ विद्युतीकरण योजना अलपत्र

म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-४ सिस्नेरी र खवाङमा विद्युतीकरणका लागि सञ्चालित योजना अलपत्र बनेको छ । सिस्नेरी, खवाङका साथै मालिकाको वडा नम्बर ५ मा पर्ने देविस्थानको पन्थोक र जुग्जामा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि सञ्चालित योजना अलपत्र परेको हो ।

केन्द्रीय लाइनको विद्युत् सुविधा विस्तारमा भएको ढिलाइले बत्ती बाल्न, मोबाइल चार्ज गर्न, इन्टरनेट चलाउन, टेलिभिजन हेर्न र विद्यालयमा अध्ययन अध्यापनमा समस्या भएको छ । यस्तै, वडा कार्यालय, स्वास्थ्य संस्थाको सेवा प्रवाह र कुटानीपिसानी मिल सञ्चालनमा कठिनाइ भएको पन्थोकस्थित भीम माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक डम्मरबहादुर घर्तीले जानकारी दिनुभयो । हालसम्म केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधाको पहुँच नपुगेको भौगोलिक रुपमा विकट सिस्नेरी-खवाङमा रहेको महखोलामा सञ्चालित लघुजलविद्युत् परियोजनाको उपकरण बिग्रिएपछि अन्धकार बनेको हो । खवाङका बासिन्दा चामबहादुर पुनले यही असार १५ गते पाँच किलोवाट क्षमताको लघुजलविद्युत् परियोजनाको टर्वाइन बिग्रिएपछि गाउँ अन्धकार भएको बताउनुभयो ।

"केन्द्रीय प्रसरण लाइन विस्तारका लागि दुई वर्षअघि ल्याइएको तार र पोल अलपत्र छन," उहाँले भन्नुभयो, "लघुजलविद्युत् परियोजना पनि बिग्रिएपछि ६० घरपरिवारको बसोबास रहेको सिस्नेरी र खवाङका बासिन्दा रातमा उज्यालोका लागि टुकी र दियालोको सहारा लिनुपर्ने अवस्था सिर्जना भएको छ ।"

पन्थोकमा १३२ र जुग्जामा ७२ घरपरिवारको बसोबास छ । नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रम अन्तर्गत पन्थोक र जुग्जालगायत म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् विस्तारका लागि पोल गाड्ने, तार तान्ने, ट्रान्सफर्मर जडानलगायत कामका लागि २०८१ असोजमा बेनीको न्यू ढुङ्गाना निर्माण सेवाले जिम्मा लिएको थियो ।

निर्माण कम्पनीका सञ्चालक दिनेश ढुङ्गानाले प्राधिकरणले आवश्यक उपकरण र गरेको कामको भुक्तानी नगरेकाले योजनाको काम प्रभावित बनेको बताउनुभयो ।

"प्राधिकरणले उपकरण र सामग्री उपलब्ध गराएको छैन," उहाँले भन्नुभयो, "ठेक्का सम्झौता भएपछि पेस्की बाहेकको रकम भुक्तानी पाएको छैन ।" प्राधिकरणको बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले निर्माण व्यवसायीको ढिलासुस्ती र लापरबाही गरेको बताउनुभयो । उहाँले आवश्यक उपकरण तथा अन्य सामग्री उपलब्ध गराउन प्रदेश कार्यालयसँग समन्वय गरिरहेको प्रतिकिया दिनुभयो ।

## यात्रुलाई दुःख दिने पक्राउ

काठमाडौँ । लामो समयदेखि काठमाडौँको बल्खु क्षेत्रमा सर्वसाधारण तथा यात्रुलाई जबरजस्ती गाडीमा हाल्ने, सामान झोला तान्ने र दुःख हैरानी दिने १७ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

अनावश्यक रुपमा दुःख र हैरानी दिएको भन्ने पैदलयात्रीको गुनासोका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरिएको कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोकका सुमन लामा, बाराका अजयराम महरा र कलाम हवारी, पर्साका तीर्थ मल्लिक, उदयपुरका बस्नेत कार्की र सर्लाहीका सिकिन्दर महतो रहेका छन् । यस्तै, काभ्रेपलाञ्चोकका अर्जुन लामा, सुरेन्द्र तामाङ र साजन मगर, मकवानपुरका महेश राई, चितवनका रामकृष्ण गिरी, कीर्तिपुरका सन्तोष स्याङ्तानलगायत छन् । उनीहरुमाथि थप अनुसन्धान भइरहेको प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।

## विदेशी सम्बन्धनका कलेजका लागि नयाँ नियमावली, उत्कृष्ट एक हजार विश्वविद्यालयको सम्बन्धन अनिवार्य

काठमाडौँ । सरकारले विदेशी सम्बन्धनका नाममा सञ्चालन भइरहेका कलेजको गुणस्तर सुधार तथा नियमनलाई थप प्रभावकारी बनाउन विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ स्वीकृत गरेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले तयार पारेको उक्त नियमावली बुधबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको हो । नयाँ नियमावली लागू भएसँगै नेपालमा विदेशी विश्वविद्यालयसँग सम्बन्धन लिएर सञ्चालन भइरहेका कलेजका लागि थप कडा मापदण्ड लागू हुने भएको छ । उच्च शिक्षाको गुणस्तर, विश्वसनीयता तथा अन्तर राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने उद्देश्यले नियमावली ल्याइएको मन्त्रालयले जनाएको छ । यसले देशमा सञ्चालनमा रहेका विदेशी विश्वविद्यालयसँग सम्बन्धन प्राप्त कलेजका लागि नयाँ मापदण्ड निर्धारण गरेको छ । नियमावलीअनुसार सम्बन्धन दिने विदेशी विश्वविद्यालय विश्वका उत्कृष्ट एक हजार विश्वविद्यालयभित्र परेको हुनुपर्ने छ । यसअघि मन्त्रालयले सार्वजनिक गरेको मस्यौदामा विश्वविद्यालय विगत पाँच वर्षदेखि अन्तर्राष्ट्रिय श्रेणीकरण (र्‍याङ्किङ) मा निरन्तर समावेश भएको र कम्तीमा एक पटक उत्कृष्ट एक हजारभित्र परेको हुनुपर्ने व्यवस्था प्रस्ताव गरिएको थियो।

त्यसैगरी, सम्बन्धित कलेजले क्वालिटी एसुरेन्स एन्ड एक्रिडिटेसन (क्यूएए) का दुई चरण पूरा गरेको हुनुपर्ने छ । कलेजको भौतिक पूर्वाधार, शैक्षिक क्षमता तथा उपलब्ध जनशक्तिको मूल्याङ्कनका आधारमा विद्यार्थी भर्ना कोटा निर्धारण गर्ने व्यवस्था पनि नियमावलीमा गरिएको छ ।

नयाँ मापदण्ड हाल सञ्चालनमा रहेका विदेशी सम्बन्धन प्राप्त कलेजमा पनि लागू हुनेछ । सरकारले तोकिएका मापदण्ड पूरा गर्न नसक्ने कलेजलाई सुधारका लागि निश्चित समय उपलब्ध गराउने र त्यस अवधिमा पनि मापदण्ड पूरा नगरे सम्बन्धन नवीकरण रोक्ने, नयाँ विद्यार्थी भर्नामा प्रतिबन्ध लगाउने वा आवश्यक कानुनी कार बाही अघि बढाउने व्यवस्था गरेको छ ।

## औषधि आपूर्तिमा अनियमितता गरेको आरोपमा आठ कर्मचारीविरुद्ध मुद्दा

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजामती कर्मचारी अस्पतालको फार्मेसी शाखामा औषधि आपूर्तिकर्तासँग मिलेमतो गरी करिब रु दुई करोड ९१ लाख ३४ हजार बराबरको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको आरोपमा आठ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले बुधबार जारी गरेको विज्ञप्तिअनुसार फार्मेसी शाखामा कार्यरत कर्मचारीहरूले अस्पतालमा औषधि आपूर्ति नभए पनि बिलबिजक सफ्टवेयरमा प्रविष्ट गर्ने, मौज्दात नभएका औषधिलाई कम्प्युटरमा स्टक देखाउने तथा म्याद गुज्रिएका औषधिको व्यवस्थापनमा अनियमितता गरेको आरोप लागेको छ । अनुसन्धानका क्रममा अस्पतालको फार्मेसी सेवा सञ्चालन निर्देशिका, २०७२ अनुसार प्रत्येक आर्थिक वर्षको अन्त्यमा तयार गर्नुपर्ने ट्रायल ब्यालेन्स तयार नगरेको तथा महालेखा परीक्षकको आर्थिक वर्ष २०७७/७८ को प्रतिवेदनले समेत उक्त अनियमितता औँल्याएको आयोगले जनाएको छ । आपूर्तिकर्तासँग भएको सम्झौताअनुसार म्याद गुज्रिएका वा बिक्री नभएका औषधि फिर्ता गरी प्रतिस्थापन गर्नुपर्ने व्यवस्था हुँदाहुँदै सम्बन्धित कर्मचारीहरूले औषधि फिर्ता नगरी, सोधभर्ना नलिई तथा धितो रकम कट्टा हुनुपर्ने अवस्थामा समेत गलत जानकारी दिएर धितो फिर्ता गराएको अनुसन्धानबाट खुलेको आयोगको भनाइ छ ।

अस्पतालको मेडिकल डिभिजन प्रमुखको नेतृत्वमा गठित समितिको प्रतिवेदनका आधारमा रु दुई करोड ९१ लाख ३४ हजार बराबरको सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुगेको पुष्टि भएको आयोगले जनाएको छ ।

यस प्रकरणमा फार्मेसी युनिट इन्चार्ज तथा फार्मेसी अधिकृत दीपा ढुङ्गाना, फार्मेसी सहायक लवेन्द्र कुँवर, वरिष्ठ फार्मेसी सहायक दिनेश पन्त, फार्मेसी सहायक दीपक सापकोटा, स्टोरकिपर तथा वरिष्ठ फार्मेसी सहायक विनोद पोखरेल, स्टोरकिपर तथा वरिष्ठ फार्मेसी सहायक शमीला श्रेष्ठ, स्टोरकिपर तथा फार्मेसी सहायक केशवराज न्यौपाने तथा स्टोरकिपर तथा फार्मेसी सहायक सन्दीप तिवारीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, बिगोबमोजिम जरिवाना तथा बिगो असुलउपरको मागदाबी गर्दै विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

## अवैध लागूऔषधसहित पक्राउ

काठमाडौँ । लागूऔषध नियन्त्रण ब्यूरोको टोलीले अवैध लागूऔषध ब्राउनसुगरसहित काठमाडौँ चन्द्रागिरिबाट आज एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा उदयपुरगढीका सुवास विक रहेका नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले जानकारी दिनुभयो ।

## प्रतिवेदन नआउँदासम्म बसपार्कको जग्गा दाबी गर्न मिल्दैनः महानगरपालिका

कास्की । पोखरा महानगरपालिकाले पस्तावित पोखरा बसपार्कभित्रको जग्गाका बारेमा छानबिन भइरहेकाले अहिल्यै आफ्नो दाबी नगर्न आग्रह गरेको छ ।

बसपार्कको जग्गा व्यवस्थापन तथा स्वामित्व सम्बन्धी विषयमा गठित छानबिन समितिको प्रतिवेदन नआउँदा सम्म कुनै पनि पक्षले सार्वजनिक रूपमा आफ्नो अधिकार दाबी गर्न नमिल्ने महानगरले स्पष्ट पारेको छ । बसपार्कका लागि २०३२ सालमा अधिग्रहण गरिएको जग्गा विभिन्न समयमा बिक्री, सट्टापट्टा, बसोबास तथा भोगचलनका लागि दिइएको विषयमा कानुन र प्रक्रिया समान रूपमा पालना नभएको गुनासा आएपछि महानगरले अहिले न्यायिक छानबिन गरिरहेको छ । महानगर प्रमुख धनराज आचार्यले छानबिन समितिको अन्तिम प्रतिवेदन नआउँदासम्म 'मेरो लालपुर्जा यति हो' वा 'मेरो अधिकार यही हो' भन्ने सार्वजनिक दाबी गर्नु उपयुक्त नहुने बताउनुभयो । बसपार्कभित्रका ६०० व्यवसायीले सार्वजनिक हितका लागि आफ्नो व्यावसायिक स्थान छाडेर व्यवस्थापन प्रक्रियामा सहयोग गरिसकेको उल्लेख गर्नुभयो । "प्रतिवेदन प्राप्त भएपछि त्यसले ठहर गरेबमोजिम सबै लालपुर्जा भएका वा दाबी गर्ने पक्षका हकमा समान कानुनी मापदण्डका आधारमा निर्णय लागू गर्नेछौँ । तथ्य र कानुनी प्रक्रिया पूरा नहुँदै दाबी गर्नु उचित हुँदैन ।

## ध्रुवे हात्ती नियन्त्रणका लागि चौबीसै घण्टा अनुगमन

काठमाडौँ । चितवन राष्ट्रिय निकुञ्जबाट गाउँ पसेको ध्रुवे हात्तीलाई नियन्त्रणमा लिन चौबीसै घण्टा अनुगमन सुरु गरिएको छ ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीको निर्देशनमा हात्ती नियन्त्रणका लागि निकुञ्ज, नेपाली सेना र राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक टोली परिचालन गरिएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

यही असार २० गते चितवनको भरतपुर महानगरपालिका-२३ बेलहट्टामा ध्रुवे हात्तीको आक्रमणबाट माडी नगरपालिका-१ घर भई हाल बेलहट्टामा बसोबास गर्दै आएकी २५ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरतको मृत्यु भएको थियो । मन्त्री चौधरीका अनुसार हात्ती निकुञ्जभित्रको उपयुक्त स्थानमा फेला परेमा डार्ट प्रयोग गरी रेडियो कलर जडान गर्ने तयारी गरिएको छ । रेडियो कलर जडानपछि हात्तीको गतिविधिलाई चौबीसै घण्टा निगरानीमा राखिनेछ ।

उहाँले हात्ती मध्यवर्ती क्षेत्रका बस्तीमा प्रवेश गर्न लागेको सूचना सम्बन्धित स्थानीयवासीसम्म समयमै पुऱ्याएर आवश्यक सतर्कता अपनाउन पनि आग्रह गर्नुभएको छ ।

यसैबीच, ध्रुवे हात्तीको आक्रमणमा ज्यान गुमाएकाका परिवारलाई तत्काल राहत उपलब्ध गराइएको मन्त्री चौधरीले जानकारी दिनुभयो । घटनाको तीन दिनभित्रै मृतकका परिवारलाई जनही रु १० लाखका दरले रु २० लाख राहत रकम प्रदान गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा सञ्चालित मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोषबाट मृतकका परिवारलाई जनही रु ५० हजारका दरले थप रु एक लाख उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ ।


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

(सुचना प्रकाशन मिति २०८३/०३/२५)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : धादिङ्गवेशी शाखा, धादिङ्ग**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे /ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३/३/२३ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सानी परियार | निलकण्ठ न.पा.९, धादिङ्ग | काले दमाई | टंकमान परियार | सरल कृषि कर्जा | २,००,००० | १४,४८० | २,१४,४८० | | |
| २ | मोहन थापा | सिद्धलेक गा.पा.२, धादिङ्ग | नन्द बहादुर थापा मगर | डिल बहादुर थापा मगर | सरल कृषि कजा | ५,००,००० | ३५,८९५ | ५,३५,८९५ | डिल बहादुर थापा मगर | |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com